धान विउ वितरण जस्ता कार्यक्रमहरु चालु आ.ब.मा कृषि विकास शाखाबाट संचालन भएका छन ।

**पशु विकास तर्फ**

घाँस बीउबितरण, पशु सेवा तालीम, मासु पसल सुधार, पशु स्वास्थ्य कार्यक्रम, पशु शिवीर संचालन, नश्ल सुधार कार्यक्रमहरु संचालन भएकाछन ।

**स्वास्थ्य तर्फ**

चालु आ.ब.मा स्वास्थ तर्फ बार्षि नियोजित कायक्रम भन्दा पृथक तथा ब्यवस्थापनको दृष्टीकोणले अत्यन्त चुनौतिको रुपमा कारोना भाइरको संक्रमण देखापरेकोछ । चैत्र मसान्तको दोश्रो हप्ता देखि नेपाल सरकारको निर्देशनमा विदेश तथा स्वदेशका अन्य जिल्लाबाट आउने व्यक्तिहरुलाइ आइशोलेसनका लागि चन्द्रा नमूना मा.बि.मा एउटा क्वारेनटाइन स्तथापना गरिएको थियो पछि भारतबाट आउने मानिसको संख्या बढेकोले वडा नं ८ थप एउटा गरी दुई ओटा क्वारेनटाइन संचालन गरेका थियौ । यस रोगको संक्रमण रोक थामका लागि सम्पूर्ण नगरवासीलाइ सावुन, स्यानिटाइजर तथा मास्क वितरण गरेका थियौ भने उक्त भाइरसलाइ स्यानिटाइज गर्न सवै वाडमा औषधि छर्केकिइयो । लकडाउनका कारण प्रत्यक्ष प्रभावित दैनिक ज्यालादारी गर्ने ब्यक्तिहरुलाइ राहतका प्याकेजहरु वितरण गरियो । यस चुनौतिपूर्ण समयमा पनि आफनो ज्यान जोखिममा पारी दैनिका कार्यक्षेत्रमा खटने स्वास्थकर्मी कर्मचारी लागायत अन्य कर्मचारी ज्यूहरु लाई फेरी पनि म धन्यबाद दिन चाहन्छु । यसका अतिरीक्त स्वास्थ तर्फका नियमित खोप तथा तालीमहरु संचलन भएका छन ।

**शिक्षा तर्फ**

कोरोना भाइरस संक्रणमा शिक्षा क्षेत्रलाई नराम्ररी प्रभावित पारेकोछ । शैक्षिक सत्रको अन्तिम तथा महत्वपूर्ण समयमा लकडाउन घोषणा भएकोले समुदायिक तथा निजी विद्ययालहरु बन्द हुनुका कारण कक्षा १० को अन्तिम एस.ई.ई. परीक्षा संचालन हुन सकेन । कक्षा १ देखि १० सम्मको परीक्षाहरु हामीले समयमै सम्पन्न गरिसकेका छौ तथा नतीजा समेत प्रकाशन भइसकेको छ । यस भाइरको संकमणको जोखिमाका करण सरकाले घोषण गरेका लकडाउनका कारण यस वर्षको शैक्षिक सत्र सुरुहुन निरधारीत समय भन्दा ढिलोहुन गएकोछ ।

**गैर सरकारी क्षेत्र**

सिमीत क्षेत्राधिकार भएको गैर सरकारी संस्थाहरुको दर्ता तथा नवीकरणको कार्य स्थानीय तहलई प्रदान गरेको छ । संघ संस्था दर्ता ऐन तथा सहकारी दर्ता सम्बन्धी ऐन जारी भई चालु आर्थिक वर्षमा सहकारी संस्थाहरु तथा महीला समूह एवं कृषि समूहरु एवं संघ संस्थाहरुको दर्ता भएका छन ।

**अब म आगामी आर्थिक वर्ष २०७७७८ का लागि प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तूत गर्न चाहान्छु ।**

**सोच :** विकासका कार्यलाई जनमुखी बनाउँदै नगरवासीहरुको, आर्थिक क्रियाकलापको बढोत्तरी गरी, सामाजिक न्याय तथा समान्तामा अधारीत कुनै पनि भेदभाव रहित सरल र सहज जीवन यापनका अधारहरुको सुनिश्चित गर्ने ।

**लक्ष्य :** आर्थिक, सामाजिक तथा पूर्वाधारका क्षेत्रहरुमा लगानी बृद्धी गरी जनताहरुको अर्थिक कृयाकलापका अवसरहरु सृजना गर्दै क्षमता विकासको माध्यम उनिहरुलाई विकास निर्माण कार्यको प्रत्यक्ष लाभ दिलाउने ।

